# मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लि.

बिक्रम सम्बत २०८० पौष २८ गते शनिबारका दिन रोयल दरबार रेष्ट्रो एण्ड भेन्यु, काठमाडौंमा सम्पन्न भएको तेस्रो वार्षिक साधारण सभाको निर्णय पुस्तिका ।

## १. पृष्ठभूमी

मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लि.को तेस्रो वार्षिक साधारण सभा मिति २०८० पौष २८ गते शनिबारका दिन रोयल दरबार रेष्ट्रो एण्ड भेन्यु, काठमाडौंमा सम्पन्न भएको थियो । सञ्चालक समितिका सदस्यहरु तोकिएको सभा कक्षमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो। कम्पनी सचिवले साधारण सभामा सहभागी हुन उपस्थित सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु, कम्पनीका पदाधिकारीहरु सभामा सहभागी भएका शेयरधनीहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई तेस्रो वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भएको थियो। कम्पनीको साधारण सभा रितपुर्वक वोलाइएको र सभालाई अगाडि बढाउनका लागि आवश्यक पर्ने गणपूरक संख्या पुगेको वारे सभा संचालकज्यू सभालाइ जानकारी गराउनु भयो । साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री कृष्ण बहादुर उप्रेतिज्यूले गर्नुभएको थियो। अध्यक्षज्यूको अनुमति र शेयरधनीहरुको सहमती पश्चात् सभा सञ्चालन भएको थियो। साधारण सभामा अध्यक्षज्यूले आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। तत्पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरी निर्णय भएको थियो। साधारण सभा दिनको २:०० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी दिनको ४:०० बजे समापन भएको थियो ।

### (क) सभाको सूचना तथा प्रकाशन:

(अ) तेस्रो वार्षिक साधारण सभाको सूचना, २०८० साल आषाढ मसान्तको वासलात र आ.व.२०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको आर्थिक विवरण र वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइट www.hydromanakamana.com.np मा राखी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

(आ) तेस्रो वार्षिक साधारण सभाको सूचना मिति २०८०/०९/०७ गतेको हिमालय पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो।

### (ख) उपस्थिति :

**अ. संचालकहरुको उपस्थित:**

| | | |
|---|---|---|
| श्री कृष्ण बहादुर उप्रेती | अध्यक्ष | प्रतिनिधि, संस्थापक |
| श्री रामहरी बजगाई | संचालक | प्रतिनिधि, संस्थापक |
| श्री राधेश्याम खड्का | संचालक | प्रतिनिधि, संस्थापक |
| श्री नारायण दत्त तिमल्सिना | संचालक | प्रतिनिधि, संस्थापक |
| श्री वाल कुमार वास्तोला | संचालक | प्रतिनिधि,सर्वसाधरण |
| श्री सिता ढकाल पौडेल | संचालक | प्रतिनिधि,सर्वसाधरण |

**आ. पदाधिकारीको उपस्थिति**

१) श्री कमल कुमार भारती कानुनी सल्लाहकार

**इ. शेयरधनीहरुको उपस्थिति:**

१. स्वंम उपस्थिति १७१ जना (संस्थागत शेयरधनीको प्रतिनिधि समेत)

२. प्रतिनिधिद्वारा उपस्थित ५४६ जना

**(ग) सभामा छलफलका लागि प्रस्ताव गरिएको विषयहरु :**

साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थिए :

१.संचालक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

२.लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको बासलात र आ.व. २०७९/०८० को नाफा (नोक्सान) हिसाव तथा नगद प्रवाह विवरण (सम्बधी अनुसूचीहरू समेत) उपर छलफल गरी पारित गर्ने बारे ।

३. आ.व. २०८० /०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

लेखापरीक्षकको लागि एस. महर्जन एण्ड एसोसिएट्स लाई नियुक्ति गर्ने र पारिश्रमिक रू.२.५०,०००/- (अक्षरेपी दुई लाख पचास हजार) दिने गरी सञ्चालक समितिबाट द्वारा साधारणसभामा प्रस्ताव गरिएको ।

**(घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या कम्पनीको शेयरधनीहरु वा उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या देहाय बमोजिम रहेको व्यहोरा कार्यक्रम संचालक श्री कमल कुमारी भारतीज्युबाट अवगत भई उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानुन बमोजिम बोलाइएको हुदा पुर्व सुचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

सभामा कुल चुक्ता पुँजी ८० लाख कित्ता मध्ये ५४ लाख ०४ हजार ५ सय ५७ कित्ताको प्रतिनिधित्व गर्ने ७१७ जना शेयरधनीहरु मध्ये १७१ जना उपस्थित भएकोले कम्पनी ऐनको दफा ७३ तथा कम्पनी नियमावलीको नियम २३ वमोजिम वार्षिक साधारण सभाको लागी आवश्यक गणपुरक संख्याको प्रतिनिधित्व पुगेकोले कम्पनी ऐनको दफा ६९ वमोजिम यस कम्पनीको वार्षिक साधारण सभालाई वैध घोषित गरी विधिवत रुपमा सभा संचालन गर्न अध्यक्षज्यूले अनुमति दिनु भई वार्षिक साधारण सभा संचालन भयो ।

| शेयर तथा शेयर धनी | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| शेयर संख्या | ८०,००,००० | १९,५८,८७८ | ३४,४५,६७९ | ५४,०४,५५७ | ६७.५६ % |
| शेयरधनी संख्या | १९९४५९ | १७१ | ५४६ | ७१७ | ०.३६ % |

अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछी सो प्रतिवेदन तथा उहाँहरुलाई उपलब्ध गराइएको लेखा परीक्षण प्रतिवेदन सहितको आ.व. २०७९/०८० को आर्थिक विवरण मा (२०८० साल अषाड मसान्तको वासालात तथा नाफा नोक्सान, हिसाब र नगद प्रवाह अनुसूचीहरु सहितको विवरण समेत ) मा आफ्नो राय सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गरिएको मा निम्न शेयरधनीहरुले निम्न अनुसारको राय तथा सुझाव दिनु भएको थियो ।

१. श्री डम्बर बल्लब घिमिरे :
कम्पनीले वार्षिक प्रतिवेदन बनाउदा कम्पनीको विवरण यथास्थिति, मुख्य उद्देश्य र भाबि योजनाहरु उल्लेख गर्नु पर्ने साथै संचालक समिति सम्बन्धि संक्षिप्त विवरण प्रतिवेदनमा उल्लेख गरेको भए नव आगन्तुक शेयरधनी महानुभावहरुलाई कम्पनीको बारेमा जानकारी लिनु सहज हुने थियो।

२. श्री निरुपमा गुप्ता :
कम्पनीले खर्च विवरणहरु मितब्यियता पुर्वक समावेश गर्नु भएकोमा धन्यावाद प्रारम्भिक सार्वजनिक शेयर निष्काशनमा बुक भ्यालु १०० भन्दा तल देखिन आयो साथै बैंककर्जा रकम धेरै हुनुमा के कति कारणहरु छन। श्रव्य दृश्य सामाग्री पनि प्रस्तुतिकरणको हिस्स बनाउनु भएको भए यस सभाको तात्प्रयता अझै बढी हुन जाने थियो।

३. श्री शत्रुधन श्रेष्ठ
कम्पनीले आगामी वर्षहरुमा लाभांश वितरणको योजनालाई तदारुकतासाथ प्रस्तुत गरोस साथै यस कम्पनीले आगामी दिनहरुमा शेयर बजारमा अझ राम्रो प्रतिफल प्राप्त गरोस शुभकामना।

४. श्री चन्द्र नारायण श्रेष्ठ
यस आयोजनाको प्रति मेगावाट खर्च कति पर्न आएको हो ? यस कम्पनीको राइट शेयर सम्बन्धि भाबि योजना के छ ? आयोजनाको वार्षिक कुल खर्च कुल आय भन्दा धेरै देखियो। वार्षिक प्रतिवेदनमा विद्युत बिक्रि, खर्च बैंक कर्जा लगाएतका शिर्षकहरुको तिन बर्षको विवरण प्रस्तुत गर्नु भएको भए राम्रो हुने थियो ।

**संचालक समितिका अध्यक्षको प्रतिउत्तर :**
साधारण सभामा शेयरधनीले आ-आफ्नो मन्तव्य राख्ने कम समाप्त भएपछी कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री कृष्ण बहादुर उप्रेतीज्यूलाई शेयरधनिका जिज्ञासाहरुलाई स्पष्ट गरिदिन आग्रह गर्नु भयो।

**अध्यक्ष श्री कृष्ण बहादुर उप्रेती :**
शेयरधनी महानुभावहरुले दिनु भएका मुल्यवान सुझावको लागि धन्यवाद दिनु भयो । साथै उहाहरुबाट प्राप्त सृजनात्मक सुझावहरुलाई क्रमसः लागु गर्दै जाने प्रतिबद्दता पनि व्यक्त गर्नु भयो। साथै आयोजना हालसम्म वैकल्पिक माध्यम मार्फत विद्युत बिक्रि गर्दै आइरहेकोले उत्पादित सम्पूर्ण विद्युत बिक्रि गर्न असमर्थ रहेको कुरा जानकारी गराउनु भयो साथै अबको केहि समयमै वैकल्पिक व्यबस्था बाट विद्युत खरिद बिक्रि सम्झौतामा उल्लेख भए वमोजिमको सिंगटी लामा साँघु १३२ के.भी प्रशारणलाईनमा जडान हुने कुरा अवगत गराउनु भयो जस पश्चात यस आयोजानको खुद आम्दानिमा

बृद्दी हुने साथै हाल बैङ्क कर्जाको ब्याज घट्न गएको परस्थितिमात्यसले पनि योजनको खर्च लागत घट्न जाने कुरा जानाकारी गराउनु भयो। शेयरधनी महानुभावहरुबाट यस कम्पनीको राइट शेयर सम्बन्धि भाबि योजनाको विषयमा जिज्ञासा आएकोमा यस आयोजनाको आइ पी ओ आएको भर्खर मात्र पांच महिना पुरा भएको र राईट शेयर को लागि निवेदन दर्ता गर्ने कानुनी प्राबधान आइ पी ओ आएको २ बर्ष पछि मात्रै रहेकोले यस विषयमा कम्पनीले आगामी बर्षको बार्षिक साधारण सभामा प्रस्तुत गर्ने कुरा जानकारी गराउनु भयो। साथै थप जिज्ञासा भएमा वार्षिक प्रतिवेदनको नोट तथा टिपोटमा उल्लेख गरि यस सभामा उपस्थित कम्पनीका कर्मचारीलाई उपलब्ध गराउन भनि अनुरोध गर्नु भयो ।

**प्रस्ताव तथा निर्णयहरु :**

विषय सुची अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न वमोजिम निर्णय गर्यो।

(१)संचालक समितिको तर्फबाट अध्यक्ष श्री कृष्ण बहादुर उप्रेतीज्युले प्रस्तुत गर्नुभएको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदमा छलफल भई त्यसमा सुझाब एंव जिज्ञासाका सम्बन्धमा अध्यक्षबाट स्पष्ट पारि सकिएकोले उक्त प्रतिवेदन पारित गरियोस भनि प्रस्ताव गरिकेओमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८० साल आषाढ मसान्तको वासलात र आ.व. २०७९/०८० को नाफा / नोक्सान हिसाब नगद प्रवाह विवरण तथा इक्युटिमा भएको परिवर्तन सहितको आथिक विवारनाहरु साधारण सभाको विषय सुचिसंगे शेयार्धनिहरुलाई उपलब्ध गराइएको र उक्त वासला, नाफा नोक्सान हिसअब , नगद पवाह विवरण तथा इक्युटीमा भएको परिवर्तन सहितको आ.व. २०७९/०८० को आर्थिक विवरण उपल छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकी सकेकोले उक्त आर्हतितक विवरणहरु सर्व सम्मितिबाट पारित भयो।

(३) कम्पनि ऐन २०६३ मा व्यवस्था भए बमोजिम सोहि ऐन बमोजिम गठित लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्ति सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउदै लेखापरिक्षण समितिको तर्फबाट कम्पनीको आ.व.२०८०/०८१ को हिसाब किताब लेखापरीक्षण गर्न लेखापरिक्षक सी. ए. सन्तमान महर्जन ( एस महर्जन एण्ड एसोसिएट्स ) लाई प्रस्ताव गर्ने भएको व्यहोरा सभा समक्ष प्रस्तुत गरियो। लेखा परिक्षकको पारिश्रमिकमा मुल्य अभिबृद्दी कर बाहेकको रु. २,५०,०००/- ( दुई लाख पचास हजार) तोक्न लेखापरीक्षण समितिबाट सिफारिस भएको कुरा पनि सभामा जानकारी गराईयो ।

प्रस्तुत प्रस्तावमा छलफल गरि सभाले २०८०/०८१ सालको कम्पनीको हिसाबकिताबको लेखा परिक्षण गर्न प्रस्ताव गरीए वमोजिम लेख परीक्षक सी. ए. श्री सन्तमान महर्जनज्यूलाई बाह्य लेखा परीक्षकको रुपमा नियुक्ति गर्ने र लेखा परिक्षण शुल्क वापत मुल्य अभिबृद्दी कर बाहेकको रु. २,५०,०००/- (दुई लाख पचास हजार मात्र) तोक्ने निर्णय सर्व सम्मतिले पारित गरियो ।

(४) कम्पनीको नियमावली अनुसार संचालक समिति (दुवै संस्थापक र सर्वसाधारण तर्फ) को निर्बाचन र गठन गर्नु परेकोमा संस्थापक तर्फ पुर्व संचालकहरु बाहेक अरु कसैको पनि दावि बिरोद नपरेको ले संचालक तर्फ : कृष्ण बहादुर उप्रेती, नारायण दत्त तिमल्सिना, राधेश्याम खड्का र रामहरी बजगाई निर्बिरोदित निर्बाचित हुनु भएको छ र सर्व साधारण तर्फ बाट वाल कुमार वास्तोला र सिता ढकाल पौडेलको उम्मेदवारी परेको हुदा उहा दुवै जनाल्लाई स्वोतहा सर्बसम्मतिले निर्बाचित गरियो र नियमावाली अनुसार ७ जनाको संचालक समिति हुनु पर्ने र नियम निकायहरुको नियमानुसार पब्लिक

लिमिटेड कम्पनीहरुमा १ जना स्वोतन्त्र उम्मेदवार पनि चयन गर्नु पर्ने हुँदा यस सम्बन्धि संम्पूर्ण जिम्मेवारी/ अख्तियारी यस साधारण सभाले संचालक समितिलाई दिने निर्णय गर्यो ।

**साधारण सभाको समापन :**

संचलाक समितिका अध्यक्ष श्री कृष्ण बहादुर उप्रेतीज्यूले शेयरधनि महानुभावले रचनात्मक सुझाब र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन दिनु भएकोमा धन्यवाद दिदै शेयरधनीको सल्लाह र सुझाब अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमश : सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सुचारु रुपले सम्पन्न गर्न सहायोग गरिदिनु भएकोमा पुन : सबैलाई धन्यवाद दिदै सभा समापन भएको घोषणा गर्नुभयो ।

Manakamana Engineering Hydropower Ltd.